मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष ४ • अंक २६४ • २०८३ साल भाद्र १४ गते आइतबार • Sunday 30, August 2026 • सूर्योदयः बिहान ०५:४१ बजे • सूर्यास्तः साँझ ०६:२६ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## बाढीपीडितलाई आधिकारिक वेबसाइटबाट सहयोग गर्न अनुरोध

**पर्सा।**
जिल्ला प्रहरी कार्यालय पर्साले हालको विपद्को अवस्थामा आधिकारिक वेबसाइट वा प्रमाणित सामाजिक सञ्जालबाट मात्र सहयोग गर्न अनुरोध गरेको छ। कार्यालयले शनिबार सूचना जारी गरी विभिन्न व्यक्तिहरूले सामाजिक सञ्जालमार्फत 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' वा 'प्रधानमन्त्री राहत कोष' को नाम प्रयोग गरी व्यक्तिगत बैङ्क खाता वा ई–वालेटमा रकम माग्ने तथा फर्जी राहत माग्ने कार्य भइरहेकाले यसबाट बच्न आधिकारिक वेबसाइट वा प्रमाणित सामाजिक सञ्जालबाट मात्र सहयोग गर्न अनुरोध गरेको हो।
कसैले विपद् राहतको नाममा स्क्यान गरेको वा गर्न खोजेको शङ्का लागेमा नजिकको प्रहरी कार्यालय वा साइबर ब्यूरोमा तुरुन्त सम्पर्क गर्न प्रहरीले अनुरोध गरेको छ।

# आइपुगे छिमेकी
# भारत र चीनद्वारा सुरुङमा उद्धार सुरु





**मधेशदृष्टि**
**काठमाडौँ।**
चार दिनपछि छिमेकी मुलुक भारत र चीनका सुरुङ उद्धार टोली नेपाल आइपुगेका छन् । उनीहरुले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरुङमा फसिरहेका व्यक्तिको उद्धारमा खटिइ काम सुरु गरेपछि खास बाढी प्रभावित क्षेत्रमा सरकारको बलियो उपस्थिति देखिएको छ।
रसुवालगायत क्षेत्रमा बुधबार आएको भीषण बाढीपछि प्रभावित क्षेत्रका कतिपय जलविद्युत् आयोजनाका सुरुङमा अझै कैयौँ व्यक्ति फसेका र नेपाली सुरक्षाकर्मीले उद्धार जारी राखेका बेला दुवै छिमेकी मुलुकका सुरुङ उद्धार टोलीहरू शनिबार नेपाल आइपुगेका हुन्।
भारतबाट शनिबार बिहान सहायता सामग्री तथा ११ सदस्यीय चिकित्सा र सुरुङ उद्धार टोलीसहितको उडान काठमाडौँ अवतरण गरी प्रभावित क्षेत्रमा खटिएको हो । त्यस्तै चीनबाट पनि सुरुङ उद्धार विशेषज्ञहरू अपराह्ण नेपाल पुगी बाढी प्रभावित क्षेत्रमा खटिइसकेका छन्।
नेपाल सरकारले शनिबार उद्धार कार्य जारी रहेकाले सुरुङभित्र फसेका व्यक्तिलाई बाहिर निकाल्ने, प्रभावित क्षेत्रमा जीवित व्यक्तिहरूको स्थान पत्ता लगाउन सहयोग गर्ने प्रविधि सहयोगका लागि मित्रराष्ट्रहरूसँग अनुरोध गरिएको जनाएको थियो।
दुवै छिमेकी मुलुकले नेपालमा आइपर्ने यस्तै ठूला विपद्मा तत्काल सक्दो सहयोग गर्दै आएका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बाढी आएकै दिन भदौ १० गते प्रधानमन्त्री वालेन्द्र शाहसँग टेलिफोन कुराकानीमा नेपालमा बाढीका कारण भएको जनधनको क्षतिप्रति समवेदना व्यक्त गरेका थिए।
त्यस्तै, चिनियाँ राष्ट्रपति सी चिनफिङले पनि शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई नेपालमा बुधबार आएको भीषण पहिरोका कारण भएको विपत्तिप्रति समवेदना सन्देश पठाएका थिए।
परराष्ट्रमन्त्री शिशिर खनालले मन्त्रालयमा शनिबार आयोजित प्रेस ब्रिफिङमा उद्धार कार्य जारी रहेकाले सुरुङभित्र फसेका व्यक्तिहरूलाई बाहिर निकाल्ने, प्रभावित क्षेत्रमा जीवित व्यक्तिहरूको स्थान पत्ता लगाउन सहयोग गर्ने प्रविधि सहयोगका लागि मित्रराष्ट्रहरूसँग अनुरोध गरिएको बताए।
त्यस्तै, शीघ्र फरेन्सिक तथा डिएनए परीक्षण र शव राख्नका लागि शवगृहजस्ता क्षेत्रमा नेपालको खोज तथा उद्धार प्रयासलाई थप सुदृढ गर्नसक्ने विशिष्ट तथा विशेषज्ञ सहयोगका लागि मित्रराष्ट्रहरूसँग अनुरोध गरिएको उनको भनाइ थियो।
मन्त्री खनालले बाढी विनाशको स्तर अत्यन्त ठूलो रहेको र उद्धार तथा राहतको चरणमा मात्र होइन, अझ बढी पुनर्निर्माणको चरणमा अन्तरराष्ट्रिय सहयोग तथा सहायता आवश्यक रहेको दाहोर्‍याए।
साथै, उनले नेपालले अन्तरराष्ट्रिय सहायता तथा सहयोग अस्वीकार गरेको भन्ने केही गलत समाचार राष्ट्रिय तथा विदेशी सञ्चारमाध्यममा प्रसारित भएको उल्लेख गर्दै त्यसको खण्डनसमेत गरे।
उनले भारतबाट हालसम्म ५७ टनभन्दा बढी राहत सामग्री प्राप्त भइसकेको र चीन, जापान, अस्ट्रेलिया तथा अन्य मित्रराष्ट्रहरूबाट पनि अत्यावश्यक सामग्री प्राप्त भइरहेको उल्लेख गरे। राहत कार्य जारी रहँदा थप मूल्याङ्कन गरिने र आवश्यकताअनुसार थप सहायता तथा सहयोगका छिमेकी तथा अन्तरराष्ट्रिय साझेदारहरूसँग सम्पर्क गर्ने उनको भनाइ थियो।
परराष्ट्रमन्त्री शिशिर खनालले पछिल्लो खोज, उद्धार, राहत कार्यलगायत अन्य विषयमा जानकारी गराउँदै हालसम्म प्रभावित क्षेत्रबाट ६ सय २६ जनाको शव फेला परेका र करिब दुई हजार ४ सय जना अझै सम्पर्कविहीन रहेको जानकारी दिए।
त्यस्तै, प्रभावित क्षेत्रबाट चार हजार ४ सय ५१ जनाभन्दा बढीको उद्धार गरिएको र त्यसमा १ सय ५२ जनाभन्दा बढी विदेशी नागरिक रहेका छन् । मन्त्री खनालले नेपाल सरकार निकट छिमेकी तथा अन्तरराष्ट्रिय समुदायसँग निकट सम्पर्क र समन्वयमा रहेको बताउँदै धेरै विदेशी नागरिक पनि बेपत्ता भएकाले मन्त्रालयमा छुट्टै आपतकालीन नियन्त्रण कक्ष स्थापना गरिएको जानकारी गराए।

# रसुवा विपद्मा मधेशका १ सय ७४ सम्पर्कविहीन



मधेशदृष्टि
जनकपुरधाम।
रसुवामा आएको विनाशकारी बाढी तथा प्राकृतिक विपद्का क्रममा मधेश प्रदेशका विभिन्न जिल्लाका १ सय ७४ जना सम्पर्कविहीन भएका छन् । परिवारजन तथा आफन्तले प्रहरीमा दिएको निवेदन र टेलिफोनमार्फत प्राप्त सूचनाका आधारमा उनीहरूको विवरण संकलन गरिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकालका अनुसार सम्पर्कविहीन हुनेमध्ये सबैभन्दा बढी सप्तरी जिल्लाका नागरिक रहेका छन् । प्रहरीको विवरणअनुसार सप्तरीका ४८ जना सम्पर्कविहीन छन्।
त्यस्तै, पर्साका ३९, बाराका २३, रौतहटका १७, महोत्तरीका १७, सर्लाहीका १५, सिरहाका १० तथा धनुषाका ५ जना सम्पर्कविहीन रहेको प्रारम्भिक विवरणमा उल्लेख छ।
प्रहरीका अनुसार सम्पर्कविहीन भएकामध्ये अधिकांश रोजगारी तथा विभिन्न कामको सिलसिलामा रसुवा पुगेका थिए। केही व्यक्ति रसुवाका जलविद्युत् आयोजना तथा अन्य क्षेत्रमा कार्यरत रहेको प्रारम्भिक जानकारीबाट खुलेको छ।
यद्यपि, सम्पर्कविहीनको सूचीमा रहेका केही व्यक्ति पछिल्लो समय परिवार तथा आफन्तको सम्पर्कमा आइसकेका छन् । पर्साका ज्ञानबहादुर थिङ, श्यामलाल तोक्तान र ओमजर अन्सारी सम्पर्कमा आएको प्रहरीले जनाएको छ । त्यसैगरी रौतहटका शेख कामिजलसहित केही अन्य व्यक्तिको अवस्थासमेत खुलेको छ।
सप्तरीका अजय हरिजन पनि परिवारको सम्पर्कमा आएको प्रहरीको अद्यावधिक विवरणमा उल्लेख छ । अन्य जिल्लाबाट सम्पर्कविहीन भएको सूचना प्राप्त भएका केही व्यक्तिसँग पनि सम्पर्क स्थापित भएको प्रहरीले जनाएको छ।
सम्पर्कविहीनको सूचीमा पर्साको वीरगंज महानगरपालिका–२२ का सरराज मियाँ, साहबुमिन अन्सारी, सरसाज मियाँ, समीर मियाँ र राहुल मियाँलगायत रहेका छन् । पर्साकै विभिन्न स्थानका उमेश प्रसाद, वीरकिशोर कुमार, रामचरण कुमार, विनय कुमार साह,

*बाँकी पृष्ठ ३ मा*

# रौतहटका विद्यार्थी र शिक्षकले देखाए मानवताको उदाहरण





**मधेशदृष्टि**
**रौतहट।**
भदौ १० गते बुधबार बिहान भोटेकोशी क्षेत्रमा आएको महाविनाशकारी बाढीले सयौँ परिवारको जीवन तहसनहस बनायो। कसैको घर बग्यो, कसैले आफ्ना प्रियजन गुमाए, कोही घाइते भए भने कतिपयको व्यापार–व्यवसायसमेत बाढीले सखाप पारिदियो । हिमालदेखि पहाडसम्म फैलिएको विपत्तिको पीडाले यतिबेला सिंगो देशलाई स्तब्ध बनाएको छ।
यही विपत्तिमा परेकाहरूको घाउमा मल्हम लगाउन देशभरबाट सहयोग जुट्ने क्रम जारी छ। प्रधानमन्त्रीको राहत कोषमार्फत समेत सहयोग अभियान सञ्चालन भइरहेका बेला रौतहटको एक विद्यालयका शिक्षक र विद्यार्थीले देखाएको मानवीयता भने अहिले विशेष चर्चामा छ।
देवाही गोनाही नगरपालिका–७ स्थित माध्यमिक विद्यालय प्रेमपुर गोनाहीका शिक्षक र विद्यार्थीले आफूले सकेको रकम संकलन गरी बाढीपीडितप्रति ऐक्यबद्धता जनाएका हुन्।
बाढीको भोलिपल्ट बिहीबार विद्यालय खुलेपछि शिक्षकहरूबीच पीडितका लागि सहयोग जुटाउने विषयमा छलफल भएको थियो । छलफलका क्रममा विद्यालयका प्रधानाध्यापक मुकेश कुमार यादवले हिमाल, पहाड वा तराई जहाँका नागरिक भए पनि सबै नेपाली भएकाले एक नेपालीमाथि विपत्ति पर्दा सबै एकजुट हुनुपर्ने धारणा राखे।
प्रधानाध्यापक यादवको भनाइपछि विद्यालयमा कार्यरत १९ जना शिक्षकमध्ये १४ जनाले स्वेच्छिक रूपमा सहयोग रकम संकलन गरे। शिक्षकहरूले आफ्नो इच्छाअनुसार एक हजारदेखि दुई हजार रुपैयाँसम्म सहयोग गरेका थिए। तर, सहयोगको यो अभियान शिक्षकहरूमा मात्र सीमित रहेन।
शिक्षकहरूले कक्षाकोठामा पुगेर विद्यार्थीलाई भोटेकोशी बाढीले निम्त्याएको मानवीय पीडाबारे जानकारी गराए। विपत्तिमा परेकाहरूलाई आफ्नै दाजुभाइ–दिदीबहिनी सम्झेर सकेको सहयोग गर्न आग्रह गरेपछि विद्यार्थीहरू पनि भावुक बने।
कक्षा ९ मा अध्ययनरत २६ जना विद्यार्थीले आफूले खाजा खान ल्याएको पैसाबाट रकम छुट्याएर सहयोग गरे। कसैले १० रुपैयाँ, कसैले २० रुपैयाँ र कसैले ५० रुपैयाँ सहयोग गरे। यसरी विद्यार्थीहरूको सानो–सानो योगदान जोड्दा ४७० रुपैयाँ संकलन भयो।
त्यस्तै, कक्षा ११ का विद्यार्थीहरूले पनि खाजा खर्चबाट रकम बचाउँदै ४०० रुपैयाँ राहतका लागि जम्मा गरेका छन्।
रकमको हिसाबले यो सहयोग सानो देखिए पनि त्यसभित्रको भावना निकै ठूलो छ । आफ्नै खाजाको खर्च कटाएर विपत्तिमा परेका अपरिचित नागरिकका लागि सहयोग गर्नु ती बालबालिकाको संवेदनशीलता र मानवीयताको उदाहरण बनेको छ।
विद्यालयका प्रधानाध्यापक यादवका अनुसार शिक्षक तथा विद्यार्थीलाई सहयोग अभियानमा सहभागी गराउन विद्यालयका निमावि शिक्षक निरञ्जन यादवले अग्रणी भूमिका निर्वाह गरेका थिए।
विद्यार्थीहरूले संकलन गरेको रकमको विवरणसहितको सूची सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक भएपछि शिक्षक र विद्यार्थीको यो कार्य अहिले व्यापक रूपमा चर्चामा आएको छ। सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले उक्त उदाहरणलाई शेयर गर्दै उनीहरूको मानवीय भावनाको प्रशंसा गरिरहेका छन्। धेरै रकम सहयोग गर्न सक्ने क्षमता सबैसँग नहुन सक्छ। तर दुःखको समयमा साथ दिन रकमको आकारभन्दा मनको विशालता महत्वपूर्ण हुन्छ भन्ने सन्देश रौतहटका यी विद्यार्थीहरूले दिएका छन्।
विपत्तिमा कतिपयले करोडौँ र लाखौँ रुपैयाँ सहयोग गरिरहेका हुन्छन्। तर खाजा खान बोकेको पैसाबाट १०, २० वा ५० रुपैयाँ छुट्याएर पीडितको सहयोगमा जुट्ने यी बालमनको योगदानलाई रकमको अंकले मात्र मूल्यांकन गर्न सकिँदैन।
किनकि उनीहरूले राहत कोषमा केही रुपैयाँ मात्र जम्मा गरेका छैनन्, आफ्नै सानो खुसी त्यागेर मानवताको ठूलो पाठ पनि सिकाएका छन्।
भोटेकोशीको बाढीले धेरैको घर, सम्पत्ति र सपना बगाएको हुन सक्छ । तर यस्ता साना–साना सहयोगी हातहरूले नेपाली समाजमा मानवता, संवेदना र एकअर्काको दुःखमा साथ दिने भावना अझै जीवित रहेको प्रमाण दिएका छन्।



सम्पादकीय

# आपतकालीन संयन्त्रको नाङ्गो रूप र राज्यको असफलता

विपद्‌को यो घडीमा नेपाली नागरिकले फेरि एकपटक राज्यको गम्भीर उदासीनता र अक्षमताको तीतो अनुभव गर्नु परेको छ। महासङ्कटका बेला उद्धार र राहतका लागि राज्यका निकायहरू तत्पर हुनुपर्नेमा, घटना घटेको चार दिनसम्म पनि मुख्य प्रभावित भूगोलमा सरकारी टोली पुग्न नसक्नु अत्यन्तै लज्जास्पद विषय हो। सिंहदरबारको दृढ इच्छाशक्ति र पूर्वतयारीको अभावले गर्दा भौगोलिक विकटतालाई सधैं बहाना बनाउने प्रवृत्ति यसपटक पनि प्रस्ट रूपमा देखिएको छ, जसले नागरिकको जीवनप्रतिको सरकारी जिम्मेवारीमाथि गम्भीर प्रश्न खडा गरेको छ।

अन्ततः आफ्नै स्रोत र साधनले अपुग भएपछि छिमेकी देशहरू भारत र चीनको हेलिकोप्टर तथा प्राविधिक टोलीको भर पर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो। विदेशी सहयोग र सद्भावको कदर गर्दै गर्दा, एउटा सार्वभौम राष्ट्रले आफ्नै नागरिकको ज्यान बचाउन चौथो दिनसम्म पनि बाह्य सहायता कुर्नुपर्ने अवस्था आउनु राज्यव्यवस्थाको चरम लाचारी हो। आन्तरिक समन्वयको अभाव, आधुनिक उद्धार सामग्रीको कमी र आपतकालीन प्रतिकार्य योजनाको शून्यताले गर्दा नेपालको आपतकालीन संयन्त्र कतिसम्म शिथिल र प्रभावहीन छ भन्ने कुरा यस घटनाले उदाङ्ग पारेको छ।

यो ढिलासुस्ती र विलम्बताले केवल भौतिक संरचनाको क्षति मात्र गराएन, समयमै उद्धार नपाउँदा कतिपय घाइतेले अकालमै ज्यान गुमाउनु परेको हो कि भन्ने गम्भीर आशङ्का उब्जाइएको छ। समयको एक–एक सेकेन्ड महत्त्वपूर्ण हुने बाढी, पहिरो र विपद्‌जस्तो बेलामा सरकारको यो सुस्त गतिले धेरैको जीवन रक्षा गर्न सक्ने सुनौलो अवसर गुमाएको छ। समयमा राहत र चिकित्सक टोली पुग्न नसक्दा सामान्य चोटपटक लागेकाहरूले पनि ज्यान गुमाउनु परेको यथार्थले जनताको मनमा राज्यप्रति रोष र निराशा उत्पन्न गरेको छ।

विपद्‌पछिको यो पीडादायी पाठले आगामी दिनका लागि राज्यका निकायहरूलाई गम्भीर रूपमा झक्झकाउनै पर्छ। भौगोलिक जटिलतालाई मात्र दोष दिएर पन्छिने छुट अब कुनै पनि तहका सरकारलाई छैन। संघीय, प्रादेशिक र स्थानीय तीनै तहका सरकारबीच प्रभावकारी समन्वय, द्रुत प्रतिक्रिया संयन्त्र (र्‍यापिड रेस्पोन्स टिम) को गठन र प्रत्येक जिल्लामा पर्याप्त खोज तथा उद्धार सामग्रीको अनिवार्य भण्डारण आजको आवश्यकता हो, अन्यथा यस्ता मानव निर्मित लाचारीले आगामी दिनमा अझ ठूला क्षतिहरू ब्यहोर्नुपर्नेछ।

नागरिकको जीवन रक्षा राज्यको पहिलो र सर्वोच्च दायित्व हो, जसमा कुनै पनि किसिमको खेलबाड वा लापरबाही क्षम्य हुन सक्दैन। चार दिनसम्म उद्धारको प्रतीक्षामा भौंतारिन बाध्य पारिएका जनताप्रति राज्यले जवाफदेही बन्नुपर्छ र यो विलम्बताका कारण भएको मानवीय क्षतिको निष्पक्ष छानबिन गरी दोषीहरूलाई जिम्मेवार बनाउनु पर्छ। सरकार अब पनि गम्भीर नबन्ने हो भने विपद्‌का बेला नागरिकले खोज्ने 'सरकार' कागजी घोषणामा सीमित रहनेछ, जसको कुनै अर्थ र औचित्य हुँदैन।

# भोटेकोशी बाढी: सहयोग आउनेक्रम जारी

**कमलकुमार बस्नेत/रासस**

रसुवाको भोटेकोशी नदीमा गत बुधबार आएको बाढीका कारण रसुवा, नुवाकोट र धादिङ जिल्लामा ठूलो धनजनको क्षति भएको छ। सरकार उच्च प्राथमिकताका साथ खोज, उद्धार, राहत तथा पुनस्थापनामा जुटिरहेको छ। यस्तो विषम अवस्थामा स्वदेश र विदेश तथा विभिन्न संस्था र व्यक्तिबाट सरकारलाई सहयोग प्राप्त हुन थालिसकेको छ।

हालसम्म केही देश, व्यक्ति तथा संस्थाले सहयोग गरिसकेको अवस्था छ भने केहीले सहयोगको प्रतिबद्धता स्वरुप रकम घोषणा गरिसकेका छन्।

अर्थमन्त्रालयका सहसचिव अमृत लम्सालका अनुसार हालसम्म एशियाली विकास बैंक (एडीबी)ले बजेटरी सहयोगका लागि पाँच मिलियन अमेरिकी डलर बराबरको सहयोगको प्रतिबद्धता गरेको छ। यो रकम अनुदान हुने जनाइएको छ।

विश्व बैंकले बाढी प्रभावित क्षेत्रका लागि सहुलियतपूर्ण कर्जा स्वरुप १६७ मिलियन अमेरिकी डलरको घोषणा गरेको छ । यो रकम नेपालले अनुरोध गरेपछि प्राप्त हुने मन्त्रालयले जनाएको छ।

यसैबीच अमेरिकी सरकारले ५ लाख अमेरिकी डलर नगद सहयोग गर्ने घोषणा गरिसकेको छ भने अष्ट्रेलियाको सरकारले १ मिलियन अमेरिकी डलर नगद सहयोग गर्ने घोषणा गरिसकेका छन्।

त्यसैगरी एशियाली विकास बैंकले प्राविधिक सहायताका लागि एक लाख ५० हजार अमेरिकी डलर बराबरको सहयोग रकम उपलब्ध गराउने भएको छ।

साथै, भारत सरकारबाट हालसम्म ३ चरणमा कुल ५७.५ टन मानवीय सहायता तथा अत्यावश्यक औषधि प्राप्त भइसकेको छ। चीन र अमेरिकाले गर्ने मानवीय सहायता वापत शनिबारसम्म सहयोग उपलब्ध गराउने छन्।

अर्थमन्त्रालयका अनुसार बाढी प्रभावित क्षेत्रका लागि चीन सरकारले ३० वटा बेलीबिज्र सहयोग गर्ने घोषणा गरेको छ। साथै चीनले दुई हजार शव व्यवस्थापनका लागि 'एयर टाइट ब्याग' पनि सहयोग गर्नेछ।

स्वीट्जरल्याण्डबाट १ मिलियन स्वीस् फ्रयाङ संयुक्त राष्ट्र संघको व्यवस्थापनमा खर्च गर्ने गरी सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा उपलब्ध**

अर्थमन्त्रालयका अनुसार बाढी प्रभावितको उद्धार तथा राहतका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले खाद्यान्न, अस्थायी आवासका सामग्री, खानेपानी तथा सरसफाइ सामग्री, स्वास्थ्य तथा पोषण सामग्रीसहित आवश्यक उपकरण उपलब्ध गराइरहेका छन्।

यसमध्ये अक्सफामले २०० थान सरसफाइ सामग्रीका प्याकेट र एक हजार थान पानी शुद्धीकरणका लागि एक्वा ट्याब्लेट उपलब्ध गराएको छ। अक्सफामले रसुवा, धादिङ र नुवाकोटमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग गर्ने जनाएको छ । अक्सफामले आपत्कालीन रूपमा प्रयोग हुने अस्थायी आवास र भान्साका सामग्रीसहित करिब एक करोड ६० लाख रुपैयाँ बराबरको गैरखाद्य सामग्री समेत पूर्वतयारी अवस्थामा राखेको जनाएको छ।

डिसिए नेपालले धादिङमा १०० जोर गमबुट, २० थान पिक्याक्स, २० थान बेल्चा, ५० बक्स पन्जा र छ बक्स मास्क उपलब्ध गराएको छ। संस्थाले धादिङ र नुवाकोटमा परिवारका लागि टेन्ट, सौर्य बत्ती तथा खाद्यान्नको व्यवस्था गरिरहेको छ । पाँच सय परिवारका लागि खाद्यान्न खरिद प्रक्रिया अघि बढाइएको तथा शव व्यवस्थापनका लागि शव राख्ने झोलालगायत आपत्कालीन उद्धार सामग्री उपलब्ध गराउने उल्लेख छ।

सेभ द चिल्ड्रेनले नुवाकोटमा २०० थान गैरखाद्य राहत सामग्री वितरण गरिसकेको छ। संस्थासँग थप ८०० थान गैरखाद्य राहत सामग्री उपलब्ध रहेको र एक हजार घरधुरीलाई लक्षित गरी राहत वितरणको योजना बनाइएको छ।

ब्लिकनाओ फाउन्डेसनले नुवाकोटका लागि ५.५ किलोभोल्ट एम्पियर क्षमताका दुई वटा जेनेरेटर उपलब्ध गराएको छ।

त्यसैगरी बिबिसी मिडिया एक्सनले रसुवाको रेडियो लाङटाङ तथा नुवाकोटका रेडियो चिम्टेश्वर र रेडियो त्रिशूलीका लागि ३.५ किलोवाट क्षमताका तीन वटा जेनेरेटर उपलब्ध गराएको छ । बिबिसी मिडिया एक्सनका कर्मचारीले नुवाकोटमै पुगेर जेनेरेटर हस्तान्तरण गर्नुका साथै स्थानीय सञ्चारमाध्यमलाई नियमित प्रसारण सुरु गर्न सहयोग गरेका छन् । विपद् जोखिमसम्बन्धी सञ्चारका लागि आवश्यक थप सहयोगबारे पनि संस्थाले अवस्थाको अनुगमन गरिरहेको जनाएको छ।

एड्रा नेपालले रसुवा, धादिङ र नुवाकोटमा अस्थायी आवासका सामग्री तथा खाद्य राहतमा सहयोग गर्ने भएको छ। हेलेन केलर इन्टरनेसनलले रसुवा, धादिङ र नुवाकोटमा आपत्कालीन पोषण सहयोग गर्ने जनाएको छ। इस्लामिक रिलिफ नेपालले रसुवा र नुवाकोटका प्रभावितका लागि अस्थायी आवाससम्बन्धी गैरखाद्य सामग्री उपलब्ध गराउने भएको छ। यसअन्तर्गत त्रिपाल, पी–फोम म्याट, डोरी र कम्बललगायतका सामग्री छन्।

प्लान इन्टरनेसनल नेपालले रसुवा र नुवाकोटमा खानेपानी, सरसफाइ तथा स्वच्छता, गैरखाद्य सामग्री, अस्थायी आवास सामग्री तथा भान्साका सामग्री उपलब्ध गराउने भएको छ। पिपुल इन निडले रसुवामा पहिलो चरणमा १४० थान गैरखाद्य सामग्री, १४० थान मर्यादा सामग्री र २७ वटा टेन्ट उपलब्ध गराएको छ।

मर्सी कप्सले नुवाकोटका लागि २०० थान गैरखाद्य राहत सामग्री मौज्दातमा राखेको जनाएको छ । संस्थाले गैरखाद्य सामग्रीसँगै खानेपानी तथा सरसफाइ र मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगमा समेत काम गर्ने जनाएको छ। युनाइटेड मिसन टु नेपाल ले धादिङमा खाद्यान्न तथा गैरखाद्य सामग्री उपलब्ध गराउने भएको छ । यसअन्तर्गत भान्साका सामग्री, त्रिपाल र कम्बल लगायतका सामग्री छन्।

ह्यान्डिक्याप इन्टरनेसनलले नुवाकोट र रसुवामा घाइतेको व्यवस्थापन, भौतिक पुनस्र्थापना तथा सहायक उपकरण उपलब्ध गराउने काम गरिरहेको छ। संस्थाले ११० थान गैरखाद्य सामग्री र विभिन्न प्रकारका १०० थान सहायक उपकरण उपलब्ध गराएको छ।

केयर नेपालले रसुवा र नुवाकोटमा आपत्कालीन राहतका लागि आपत्कालीन राहत प्याकेजअन्तर्गत खाद्यान्न, आश्रय तथा गैरखाद्य सामग्री उपलब्ध गराउने भएको छ । यसमा भान्साका सामग्री, ओछ्यान तथा अन्य बिछ्यौना सामग्री, अस्थायी आवास सामग्री, पारिवारिक टेन्ट, सरसफाइ सामग्री र शिशु सामग्री लगायत छन् । साथै महिला तथा बालबालिकाका लागि सुरक्षित तथा मैत्रीपूर्ण स्थान स्थापना गर्ने योजना पनि छ।

अर्थमन्त्रालयका अनुसार रसुवा तथा आसपासका बाढी प्रभावित क्षेत्रमा राहत सहयोग केवल खाद्यान्नमा सीमित नभई अस्थायी आवास, खानेपानी शुद्धीकरण, सरसफाइ, स्वास्थ्य तथा पोषण, महिला तथा बालबालिका संरक्षण, सञ्चार सेवा पुनःसञ्चालन, उद्धार उपकरण र अपाङ्गता भएका तथा घाइतेका लागि सहायक उपकरण सम्म विस्तार भएको देखाएको छ।

**राहत कोषमा साढे ४ अर्ब**

रसुवाका बाढी प्रभावित मानिस र क्षेत्रका लागि सरकारले सुरु गरेको प्रधानमन्त्री राहत कोषमा हाल विभिन्न क्षेत्रबाट रकम संकलन हुने क्रम जारी छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार शुक्रबार रातिसम्म प्रधानमन्त्री राहत कोषमा चार अर्ब ३८ करोड ८ लाख ५२ हजार २ सय ५२ रुपैयाँ जम्मा भइसकेको छ। यो रकम नौ वटा वाणिज्य बैंकका खातामा जम्मा भएको नेपाली रकम हो । यस्तै थप दुईवटा बैंक हिमालयन र लक्ष्मीमा ६ लाख ८० हजार ६१८ अमेरिकी डलर (करिब १० करोड ३८ लाख रुपैयाँ नेपाली) जम्मा भएको कार्यालयको भनाइ छ।

**भीषण बाढीपछि अवरुद्ध सञ्चार यसरी भयो पुनःस्थापना ?**

गत बुधबार बिहान रसुवाको भोटेकोशी नदीमा आएको भिषण बाढीका रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति भयो। बाढी आएलगत्तै सञ्चार सेवा अवरुद्ध भयो, जसले गर्दा आम नागरिकले समयमै सही सूचना पाउन सकेनन्। फलस्वरुप मानिसहरू समयमै सही सूचनाबाट बञ्चित भए।

मानिसहरूले जे जति सूचना पाए त्यसले आम मानिसमा ठूलो चिन्ता फैलायो। सामाजिक सञ्जालमा एकपछि अर्को गर्दै आएका बाढीका तस्बिर र भिडियोले तनाव झन बढायो। बाढीका कारण छोटो समयमा लाखौँ मानिसहरू प्रभावित भएपछि सरकारले खोज र उद्धारका लागि तत्काल काम सुरु गर्‍यो। सोही समयमा सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार पुनःस्थापनाका लागि काम सुरु गर्‍यो।

मन्त्रालयमा समन्वय कार्यान्वयन तथा अनुगमन अधिकृत किरन घिमिरेका अनुसार तत्कालै नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, एनसेल, सशस्त्र प्रहरीको समन्वयमा तत्कालै काम सुरु भयो। 'हामीले बाढी आएको दिन दिउँसो २ बजेदेखि नै सञ्चार पुनःस्थापनाका लागि काम गरिसकेका थियौँ, सोही दिन प्रभावित क्षेत्रमै पुगेर अनुगमन गरी कसरी काम गर्ने योजना बनाएका थियौँ,' अनुगमन अधिकृत पण्डितले भने।

रसुवा, नुवाकोट र धादिङमा सञ्चालनमा रहेका नेपाल टेलिकम (एनटिसी)का १२० र एनसेलका ७८ बिटिएस टावर सञ्चालन थिए। जसमध्ये बाढीका कारण एनटिसीका ३८ र एनसेलका २७ वटा टावरको सेवा अवरुद्ध भएको थियो। कतिपय ठाउँमा टावरमै ठूलो क्षति पुगेको थियो भने कतिपय ठाउँमा टावर सञ्चालनका लागि आवश्यक ऊर्जाको अभाव भइसकेको थियो।

सरकारले त्यसपछि हेलिकप्टर र सडकमार्गबाट इन्धन, सोलार प्यानल र जेनेरेटर ढुवानी गरेर टावरहरू सञ्चालनको प्रयास गरेको थियो। जसमध्ये हालसम्म एनटिसीका ८६ र एनसेलका ७० वटा बिटिएस टावर सञ्चालनमा आइसकेको सम्बन्धित सेवाप्रदायकले जनाएका छन्। अब केही दिनमा बाँकी एनटिसीका ३८ र एनसेलका आठ वटा टावर सञ्चालनमा ल्याउने गरी काम भइरहेको कम्पनीहरूको भनाइ छ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडीका अनुसार बाढीबाट प्रभावित क्षेत्रमा नेपाल टेलिकमका कुल १२० वटा टावर थिए। जसमध्ये हाल ८२ वटा पुनः सञ्चालनमा ल्याइएका छन् भने आएका छन्। उनका अनुसार केही टावर बाढीबाट पूर्ण रुपमा क्षतिग्रस्त भएका छन्। साथै बाँकी टावरहरू चाँडोभन्दा चाँडो सञ्चालनमा ल्याउन विद्युत् आपूर्ति र इन्धन व्यवस्थापनलाई प्राथमिकता दिइएको उनको भनाइ छ। बाढीका कारण अधिकांश साइटमा विद्युत् आपूर्ति अवरुद्ध भएपछि सुरुमा करिब आठ घण्टासम्म ब्याट्री ब्याकअपबाट सेवा सञ्चालन गरिएको थियो। त्यसपछि हेलिकप्टरमार्फत जेनेरेटर र इन्धन प्रभावित क्षेत्रमा पुर्‍याइएको उनको भनाइ छ।

साथै सडक मार्गबाट समेत त्रिशूलीसम्म जेनेरेटर र इन्धन पुर्‍याइएको र प्रभावित क्षेत्रमा काम गर्ने कर्मचारीलाई आवतजावत गर्न सहज हुने अवस्था र आवश्यक इन्धन तथा अन्य सहयोग उपलब्ध भएमा बाँकी साइटहरू चाँडै सेवा पुनः सञ्चालनमा ल्याइने एनटिसीको भनाइ छ । बाढीका कारण गल्छीदेखि नुवाकोटसम्मको फाइबर लिंक पूर्ण रूपमा अवरुद्ध भएको थियो।

फाइबर क्षतिग्रस्त भएपछि ककनीतर्फको आरएएस फाइबरलाई ब्याकअपका रूपमा प्रयोग गरिएको र माइक्रोवेभ लिंक प्रयोग गरेर प्रभावित क्षेत्रका साइटहरू सञ्चालनमा ल्याइएको हो,' उनले भने। उनका अनुसार टेलिकमले प्रभावित क्षेत्रका आफ्ना एक लाख ६० हजार बासिन्दालाई बुधबारदेखि दुइए दिनका लागि निःशुल्क गरिएको डाटा, एसएमएस र भ्वाइस सेवालाई पाँच दिनसम्मका लागि बढाइएको बताए।

एनसेलका नेटवर्क प्रमुख लीना केशरी कंशाकारका अनुसार रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा आएको बाढी तथा पहिरोका कारण एनसेलका दूरसञ्चार पूर्वाधारमा ठूलो क्षति पुगेको थियो। बाढीका कारण रसुवादेखि करिब ७०–८० किलोमिटरको क्षेत्रमा विभिन्न स्थानमा फाइबर काटिनुका साथै बगाएपछि एनसेलका २७ वटा बीटीएस साइट प्रभावित भएका थिए।

उनका अनुसार त्यसपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, नेपाली सेना तथा विपद् व्यवस्थापनसँग सम्बन्धित निकायको सहयोगमा प्राविधिक टोली परिचालन गरी प्रभावित क्षेत्रमा सेवा पुनःस्थापनाको काम सुरु गरिएको थियो। बाढीपछि अवरुद्ध भएका २७ बिटिएस टावरमध्ये १८ वटा सञ्चालनमा ल्याइसकिएको र अब ९ वटा मात्रै सञ्चालनमा आउन बाँकी रहेको एनसेलले जनाएको छ। ती बिटिएस टावर पनि चाँडै सञ्चालनमा आउने एनसेलको भनाइ छ।

फाइबरमार्फत सेवा पुनःस्थापना गर्न सम्भव नभएका स्थानमा पुराना माइक्रोवेभ लिंकको प्रयोग गरी टावर सञ्चालनमा ल्याइएको एनसेलले जनाएको छ। साथै, विद्युत् आपूर्ति अवरुद्ध भएका स्थानमा जेनेरेटर सञ्चालनका लागि आवश्यक इन्धनसमेत हेलिकप्टरमार्फत पुर्‍याइएको कम्पनीको भनाइ छ।

एनसेलले बाढी प्रभावित मानिसहरूका लागि थप ७ दिन निःशुल्क सेवा दिने समेत घोषणा गरिसकेको छ । 'हाम्रो यो योगदानले प्रभावित समुदायलाई यो विपद्‌का बेलामा आफ्ना परिवार तथा आफन्तसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा खटिएका टोलीलाई आवश्यक समन्वय गर्न सहज हुने विश्वास लिएका छौं। यस कठिन समयमा आ–आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु हामी सबैको जिम्मेवारी हो,' एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने । यसअघि एनसेलले तीन दिनका लागि निःशुल्क भ्वाइस, एसएमएस र डेटा सेवा घोषणा गरेको थियो।

एनसेलले नेटवर्क पुनःस्थापनाका क्रममा सहयोग प्रदान गर्ने नेपाल दूरसञ्चार प्राधिकरण, सूचना तथा सञ्चार मन्त्रलय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय, नेपाली सेना, हुवावेलगायतका संस्थाले ठूलो सहयोग गरेको जनाएको छ।

प्रविधि सेवा प्रदायक कम्पनी हुवावे नेपालका अनुसार कम्पनीले बाढी प्रभावित क्षेत्रमा नेपाल टेलिकम र एनसेलको सहकार्यमा गरी १० वटा महत्वपूर्ण हब साइटसहित कुल ७० वटा साइट पुनः सञ्चालन गरेको जनाएको छ। यसमध्ये दुई वटा महत्वपूर्ण फाइबर लिंक र दुई वटा प्रमुख हब साइटको पुनःस्थापनाले थप २९ साइट पुनः सञ्चालनमा आएको कम्पनीको भनाइ छ। कम्पनीले बाढी प्रभावित क्षेत्रमा सञ्चार पुनःस्थापनाका लागि रेडियो, माइक्रोवेभ र फाइबर कनेक्टिभिटीका लागि साइट तथा ट्रान्समिसन लिंक सुधारमा काम गरेको तथा इन्धन, जनशक्ति, उपकरण तथा सामग्री परिचालनलगायतका लजिस्टिक्स र फिल्ड सहयोगलाई तीव्रता दिइएको जनाएको छ। साथै दुर्गम तथा बाढी प्रभावित क्षेत्रमा आवश्यक परेको अवस्थामा हेलिकोप्टरको सहयोगसमेत लिएको हुवावे नेपालको भनाइ छ।

# 'रेफ्रिजरेटिङ कन्टेनर' नहुँदा शव व्यवस्थापन 'हम्मेहम्मे'

**अशोक घिमिरे/रासस**

शनिबार अपराह्नसम्म भोटेकोशी बाढीबाट मृत्यु भएका व्यक्तिको ६६९ वटा शव फेला परेका छन्। नेपाल प्रहरीका अनुसार १४८ महिला, २६८ पुरुष, २२ बालिका, २० बालक र २११ आंशिक अङ्गसहितको शव फेला परेको छ।

रसुवामा १३, नुवाकोटमा ४१, धादिङमा ४९, चितवनमा २४८, गोरखामा ५४, तनहुँमा ३१, नललपरासी पूर्वमा १५८ र नवलपरासी पश्चिममा ७५ वटा शव फेला परेको प्रहरी तथ्याङ्क छ।

फेला परेकामध्ये २० वटा शव आफन्तको जिम्मा लगाइएको छ। प्रभावित जिल्लामा फरेन्सिक चिकित्सकको अभाव हुँदा शवको व्यवस्थापनमा समस्या पैदा भएको छ।

शव भण्डारणका लागि पर्याप्त 'रेफ्रिजरेटिङ कन्टेनर' नहुँदा प्रहरीलाई ती शव सुरक्षित राख्न 'हम्मेहम्मे' परेको छ । अस्पतालका शव गृह भरिएका छन् । शव भण्डारणमा समस्या देखिन थालेपछि जिल्ला प्रशासन कार्यालय चितवनले आज केही शव जमिनमा समाधिस्थ गरेको छ । केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्ले बाढीमा परेर निधन भएका व्यक्तिको शव व्यवस्थापन चुनौतीका रूपमा देखिएको बताउनुहुन्छ । 'शव व्यवस्थापनका लागि चाहिने 'रेफ्रिजरेटिङ कन्टेनर'को निकै जरुरी देखिएको छ,' उनले भने, 'हामीले यसबारेमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग पहल गरिरहेको छौँ।'

बाढीले बगाएर ल्याएका शवको सुरक्षित व्यवस्थापनमा ढिलाइ हुँदा महामारी फैलनसक्ने चिकित्सकको चेतावनी छ। फेला परेका कतिपय शव पहिचान हुनै नसक्ने अवस्थामा छन्। कतिपय स्थानमा त मानव अङ्ग मात्रै फेला परेका छन्।

शव सङ्कलन, पहिचान र व्यवस्थापनका लागि विशेष टोली परिचालन गरिएको प्रहरीले जनाएको छ। फेला परेका शवको तस्बिर ट्यागसहितको विवरण प्रहरीको वेबसाइटमा राखिएको छ।

**हेडक्वार्टरमा उद्धार तथा समन्वय केन्द्र क्रियाशील**

प्रहरी हेडक्वार्टरमा प्रहरी नायब महानिरीक्षक सुदर्शनप्रसाद कोइरालाको नेतृत्वमा 'नेपाल प्रहरी विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र' सञ्चालन गरेर प्रतिकार्यलाई व्यवस्थित बनाइएको छ। विपद् भएकै दिन साँझदेखि सो केन्द्र सञ्चालनमा आएको हो।

सो केन्द्रले त्यसैदिनदेखि फेला परेका शवको फोटो र भिडियोसहितको विस्तृत विवरण लिने र त्यसको व्यवस्थापनको काम गर्दै आइरहेको छ । यस्तै, बाढीमा परी हराइरहेका व्यक्तिको पनि विवरण लिएर खोज तथा उद्धारमा समन्वयको काम पनि सोही केन्द्रले गरिरहेको छ।

'शवका तस्बिर र भिडियोलाई हराइरहेका व्यक्तिको विवरणमा 'म्याचिङ' गर्ने र मातहतको निकायमा समन्वय गर्ने काम केन्द्रले गरिरहेको छ,' प्रवक्ता काफ्लेले भने, 'शवको पहिचान भइसकेपछि कानुनी प्रक्रिया पूरागरी सम्बन्धितलाई हस्तान्तरण गर्दै आएका छौँ।' कानुनी सहायता तथा मुचुल्का लेखनका लागि प्रभावित जिल्लामा टोली परिचालन गरिएको छ।

**दुई हजार बढी व्यक्ति अझै बेपत्ता**

भदौ १० गतेको सो बाढीमा परी एक हजार ८६३ नेपाली र ५२३ विदेशी गरी कुल दुई हजार ३६२ बेपत्ता भएको सरकारी तथ्याङ्क छ । बेपत्ताको खोजीका लागि रसुवा, नुवाकोट हुँदै त्रिशूलीको तटीय क्षेत्रमा व्यापक रूपमा सुरक्षा फौज परिचालन गरिएका छन्।

हराइरहेका व्यक्तिको खोजीका लागि अनलाइनबाट निवेदन लिएर खोजी तीव्र बनाइएको प्रहरी प्रवक्ता काफ्ले बताउनुहुन्छ। विभिन्न अस्पतालमा उपचारार्थ घाइतेको विवरण नेपाल प्रहरीको फेसबुक पेजमा हेर्न सकिने व्यवस्था मिलाइएको छ।

सम्पर्कविहीन प्रहरी कर्मचारी तथा व्यक्तिको खोजतलासका कामलाई पनि निरन्तरता दिइएको उनले बताए । 'निजका आफन्तसँग समन्वय गरेर, प्रहरीको अभिलेखबाट हुलियासहित तीनपुस्ते निकालेर खोजतलास गरिरहेका छौँ,' उनले भने।

सम्पर्कविहीन विदेशी पर्यटकको समन्वय तथा विवरण सङ्कलन पर्यटक प्रहरी परिचालन गरिएको छ।

बाढीपछि हालसम्म एक हजार ५०६ पुरुष र ७९५ महिला गरी दुई हजार ३०१ जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ । उद्धार गरिएका व्यक्तिलाई नुवाकोटमा रहेको नौ वटा 'होल्डिङ सेन्टर'मा राखिएको छ।

बाढीबाट प्रभावितलाई सुरक्षित आश्रय दिन प्रहरीले नुवाकोट र धादिङमा 'होल्डिङ सेन्टर' स्थापना गरेको छ । हाल धादिङको होल्डिङ सेन्टरमा कसैले पनि आश्रय लिएका छैनन्।

घाइतेको उद्धार र उपचारका लागि नेपाल प्रहरीका २२ वटा मेडिकल टिम फिल्डमा खटिएका छन् । सम्पर्कविहीन व्यक्तिको खोज तथा उद्धारका लागि कुकुर र ड्रोनसहित प्रहरी परिचालन भएको अवस्था छ।

**उपकरण नहुँदा उद्धारमा चुनौती**

बाढीबाट प्रभावित क्षेत्रमा प्रभावकारी उद्धारका लागि आवश्यक उपकरण नहुँदा खोज तथा उद्धारमा चुनौती थपिएको प्रहरीको विश्लेषण छ । बाढी आएको ठाउँमा अझै पनि हिलोको दलदल भएका कारण उद्धारमा समस्या भएको उद्धारकर्मीको भनाइ छ।

'बाढीले गर्दा दलदल छ, त्यो दलदलमा हिँड्न मिल्ने खालको 'बुट', उच्च तौल बहन गर्नसक्ने ड्रोन, ताररहित ट्र्याकिङ उपकरण प्राप्त भएमा अझ प्रभावकारी हुन्थ्यो,' प्रवक्ता काफ्लेले भने।

**पृथ्वी राजमार्ग सञ्चालन**

बाढीका कारण अवरोध भएका मुख्य राजमार्गमा सवारी सञ्चालनमा ल्याइएको छ। यही भदौ १० गतेदेखि अवरुद्ध पृथ्वी राजमार्गको नौबिसे–मुग्लिन खण्ड आजदेखि सञ्चालनमा आएको छ।

विपद्‌को मौका छोपी चोरी, लुटपाटलगायत आपराधिक गतिविधिको रोकथाम र त्यसमा संलग्न व्यक्तिलाई पक्राउ गरेर कानुनबमोजिम कारबाही गरिएको उनले जानकारी दिनुभयो।

'महिलाको शवबाट गहना निकाल्नेदेखि बाढीले बगाएर ल्याएको बैङ्कको भल्ट चोरी गर्नेलाई कारबाही गरिएको छ,' उनले भने, 'अप्ठयारो अवस्थामा 'मिसइन्फर्मेसन', 'डिसइन्फर्मेसन' वा गलत अफवाह फैलाउने व्यक्ति पहिचान गरी कारबाही भइरहेको छ।'

विपद्‌को विषम् परिस्थितिमा तत्कालै खोज तथा उद्धार, स्वास्थ्य सहायता, राहत वितरण, होल्डिङ सेन्टर व्यवस्थापन, शव सङ्कलन र व्यवस्थापनमा प्रहरी सङ्गठन दिनरात खटिरहेको उनको भनाइ छ।

'नदी किनारमा रहेका शव ड्रोनमार्फत पहिचान गर्ने, त्यसको आवश्यक कानुनी प्रक्रियाहरू पूरा गर्ने, तस्बिर–भिडियो लिने र नम्बरिङ गर्नेदेखि त्यसलाई सुरक्षितरूपमा अस्पताल पठाउने काम भइरहेका छन्,' प्रवक्ता काफ्लेले भने।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सम्पर्कविहीन आफन्त, नरोकिएका आँसु र दर्दनाक पर्खाइमा परिवार

**गोपालप्रसाद बराल**

**नारायणगढ।**
कुनै बेला मेला, महोत्सव तथा राजनीतिक दलका अधिवेशन र चुनावी मतगणनास्थलका रूपमा चहलपहल हुने भरतपुर महानगरपालिका–१० स्थित चितवन उद्योग सङ्घको परिसर अहिले भीडले भरिएको छ। यो भीड पहिलाकोभन्दा फरक र कारुणिक छ।

मनभरि पीडा, थकानले गलेका खुट्टा र काँपेको शरीर बोकेर चर्को घाममा भोक र तिर्खाको पनि वास्ता नगरी टोलाइरहेका मानिसहरूको एउटै पुकार छ 'हाम्रा मान्छेको सास भेटिए हुन्थ्यो, कि त लासै पत्ता लागे पनि हुन्थ्यो'।



झट्ट हेर्दा र सुन्दा कुनै खराब सपनाजस्तो लाग्ने यो दृश्य वास्तविकता हो । भरतपुर अस्पताल नजिकै चितवन उद्योग सङ्घको नजिकै रहेको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पुरानो भवनलाई अहिले शव संरक्षणस्थलका रूपमा प्रयोग गरिएको छ। रसुवा तथा भोटेकोशी नदीमा आएको बाढीका कारण सम्पर्कविहीन भएका नागरिकहरूको खोजी र पहिचानका लागि चितवन आइपुगेका आफन्तजनका लागि यो दर्दनाक र पीडादायी क्षण हो।

नारायणी र त्रिशूली नदी किनारबाट सङ्कलन गरिएका २ सय ३३ शवमध्ये हालसम्म चार वटाको मात्रै पहिचान भएको छ। बाँकी २ सय २९ शवलाई होल्डिङ सेन्टर तथा विभिन्न स्वास्थ्य संस्थामा राखिएको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए। उनका अनुसार होल्डिङ सेन्टर, स्वास्थ्य संस्था तथा नदी तटबाट सङ्कलन गरिएका शव तथा शवका अवशेषहरू सड्न थालेका छन्। जसका कारण कतिपय शव अब अनुहार र शारीरिक बनावटका आधारमा पहिचान गर्न नसकिने अवस्थामा पुगेका छन्।

उद्योग सङ्घको परिसरमा वीरगन्ज महानगरपालिका–२२ का अली मोहम्मद मिया आफ्ना २२ वर्षीय छोरा साबुदिन मन्सुरीको तस्बिर लिएर भरतपुरस्थित अस्पताल र शवगृहका ढोकाहरूमा भौँतारिइरहनुभएको छ । रोजगारीको सिलसिलामा रसुवाको एक ग्यारेजमा मेकानिकको काम गर्न गएका साबुदिन भोटेकोशी र आसपासका क्षेत्रमा आएको बाढीपछि ग्यारेज साहु र अन्य पाँच जना साथीहरूसँगै सम्पर्कविहीन भएका उनले बताए।

'बिहानैदेखि छोराको खोजीमा छु, कसैले खबर पाए प्रहरीचौकीमा भनिदिए हुन्थ्यो,' भक्कानिँदै अली मोहम्मदले भने, 'बाढीमा परेकाहरूको केही अत्तोपत्तो छैन ।' उनले शवगृह र होल्डिङ सेन्टरका सबैतिर हेर्दा पनि छोराको कुनै जानकारी नपाएको बताए । 'केही जानकारी आए खबर गरिदिनु ल...' भन्दाभन्दै उनको बोली रोकियो र आँसु खसाल्दै भने, 'मेरो छोरा यी शवहरूमा छैन, कतै भेटिए खबर गरिदिनुहोला।'

यो सास्ती र पीडा अली मोहम्मदको मात्र होइन । भोटेकोशी बाढीका कारण देशका विभिन्न स्थानबाट काम तथा भ्रमणका क्रममा पुगेर सम्पर्कविहीन भएका नागरिकका आफन्तहरू यतिबेला चितवनको भरतपुरमा शव पहिचानका लागि भौतारिइरहेका छन्।

धादिङको धुनिबेँसी नगरपालिकाका नगरप्रमुख बालकृष्ण आचार्यका आफ्ना सम्पर्कविहीन नागरिक खोज्न आएका छन्। उनका अनुसार धुनिबेँसीका ११ जना डब्बा गाडीका चालक तथा मजदुरहरू रसुवा क्षेत्रबाट सम्पर्कविहीन भएका छन् । नगरप्रमुख आचार्यले भने, 'सडक अवरुद्ध भएकाले घटनास्थल पुग्न सकिने अवस्था छैन । भरतपुर ल्याइएका शवहरू पनि क्षतविक्षत भएकाले तस्बिर हेरेर चिन्न कठिन भइरहेको छ।'

तराईका जिल्लाहरूबाट मजदुरी गर्न गएका युवाहरूको अवस्था पनि उस्तै कारुणिक छ । सप्तरीको खडक नगरपालिकाका भोला पासवान र डाक्नेश्वरी नगरपालिकाका अक्षकुमार पासवान आफ्ना छोराहरू क्रमशः अखिलेश र निसितको खोजीमा यतिबेला भरतपुरमा भौतारिइरहेका छन्। काम गर्न रसुवा पुगेका उनहरूका छोराको हालसम्म कुनै खबर छैन । शोकमा परेका यी दुई बुबालाई आफ्ना छोराहरू जीवितै भेटिएलान् भन्ने झिनो आशा त छ, तर मनलाई सम्हाल्न नसकेर शव भए पनि फेला पर्छ कि भनेर यहाँसम्म आउनुभएको हो। भोलाले पीडा पोख्दै भने, 'सप्तरीबाट चितवनसम्म आइपुगेँ, तर केही अत्तोपत्तो छैन। कहाँ जाऊँ, के गरूँ? भित्र छिर्छु, बाहिर राखेको तस्बिर हेर्छु, तर छोराको केही पत्तो पाउन सकेको छैन । अक्षयको पनि उस्तै हाल छ।'

सप्तरीकै खडक नगरपालिकाबाट त्यहाँ पुग्नुभएका एक जनाका आफ्नाले भतिज हराएपछि चितवनको शव पहिचान केन्द्रसम्म आइपुगेको बताए । भतिजसँग भदौ १० गते बिहान ९ बजेतिर टेलिफोनमा कुराकानी भएको जानकारी दिँदै उनले भने, 'फोनमा बोल्दाबोल्दै अचानक सम्पर्क विच्छेद भयो, त्यसपछि हालसम्म कुनै खबर पाउन सकिएको छैन।'

त्यसैगरी, बाँकेका करिङ्गा ठाकुर पनि आफ्ना भाइ र भतिजको खोजीमा शव पहिचान केन्द्रअगाडि टोलाइरहेका छन्। भाइ र भतिज कामको सिलसिलामा रसुवा पुगेका र बाढीपछि सम्पर्कविहीन भएका थाहा पाएपछि उनी चितवन आइपुगेका हुन् । उनले पीडा पोख्दै भने, 'भाइ र भतिज हराएको खबर पाएपछि शनिबार बिहान मात्र यहाँ आइपुगेको हुँ। यहाँ ल्याइएका शवका तस्बिरहरू हेरेँ, तर क्षतविक्षत भएकाले चिन्नै गाह्रो भयो।'

खोजीका क्रममा नुवाकोट ककनीका सन्तोष बलामी र टेकबहादुर बलामी पनि शव पहिचान केन्द्रमा भौतारिइरहेका छन् । सन्तोषले भने, 'तीन दिनदेखि खोजी गर्दै यहाँसम्म आइपुगेका छौँ । आफन्तहरू कोही कता, कोही कता पुगेर खोजिरहेका छौँ।' आफन्तको खोजीमा यहाँ आइपुगेकाहरू बाहिर राखिएका तस्बिर र भित्रका शवहरूसँग हुलिया मिल्छ कि भनेर नियालिरहेका छन् । तर, क्षतविक्षत बनेका कारुणिक शवहरू हेर्न र तस्बिरबाट पहिचान गर्न उनहरूलाई अत्यन्तै मुस्किल परेको छ । फोटो हेर्दा केही हुलिया मिलेजस्तो लागेरभित्र छिरेका उनीहरू शवमा आफन्तको हुलिया र शरीरमा भएको ट्याटु खोज्दै टोलाउन बाध्य छन्।

यसैगरी, लाङटाङ खोला जलविद्युत् आयोजनामा कार्यरत ३१ वर्षीय सिभिल इन्जिनियर अभिषेक आचार्यका काका गणेशप्रसाद बरालले सुरुङ (टनेल) भित्रै मजदुरहरू थुनिएको हुन सक्ने आशङ्का व्यक्त गरे । पोखराबाट आएका बरालले मौसम प्रतिकूल भए पनि उद्धार कार्यलाई तीव्र बनाउन र जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली चुस्त राख्न माग गरे।

उनले भने, 'भदौ १० गते बिहान ८ बजेसम्म बाबु परिवारको सम्पर्कमा थियो । म खाजा खाएर कामतिर जान लागेँ भनेर भनेको थियो । तर त्यसपछि हालसम्म कुनै सम्पर्क हुन सकेको छैन।'

उनीसँगै पोखराबाट आएका दामोदर पौडेलले पनि इन्जिनियर आचार्य सम्पर्कमा नआएको बताउँदै जोखिमयुक्त सुरुङहरूमा काम गर्ने मजदुर तथा कर्मचारीहरूलाई पूर्वसूचना दिने प्रणाली र सुरक्षा तालिमको उचित व्यवस्था हुनुपर्नेमा जोड दिए।

नेपाली नागरिक मात्र नभई चीनतर्फको मानसरोवर यात्राका लागि टिमुरे पुगेका भारतीय नागरिक रुबिका डेभिड र प्रेरणा कालेसमेत भदौ १० गते बिहानदेखि सम्पर्कविहीन रहेका उनीहरूका नेपाली साथी प्रभात ढुङ्गानाले जानकारी दिए । उनले भने, 'म मेरा साथीहरूका परिवारको खोजीका लागि यहाँ आएको हुँ । उनहरू मुम्बईबाट मानसरोवर यात्राका लागि नेपाल हुँदै आउनुभएको थियो। भदौ १० गते बिहान ७:३० बजे चिनियाँ इमिग्रेसनका लागि हिँड्यौँ भनेर खबर आएपछि उनहरूसँग कुनै सम्पर्क भएको छैन । खबर पाएपछि म यहाँ आएर शवगृह र अस्पतालहरूमा हेर्दै, बुझ्दै छु।'

नुवाकोटबाट बुहारी नाता पर्ने हराएपछि चितवनकी सोविता तिमिल्सिना पनि शव पहिचान केन्द्रमा भौतारिइरहेकी छन् । उनले भनिन्, 'त्रिशूली नदीनजिकै खेत गोड्ने क्रममा बाढी आएर बुहारी हराएपछि हामीले खोज्न थालेका हौँ । अहिलेसम्म कुनै सम्पर्क छैन । अब यहाँ राखिएका शव र तस्बिरहरू हेरेर केही पत्तो लाग्छ कि भन्ने आशाले आएका हौँ।'

नदी किनारमा शवहरू फेला पर्ने क्रम जारी रहे पनि अधिकांश शवको अनुहार र शारीरिक बनावट बिग्रिएकाले पहिचानमा गम्भीर समस्या थपिएको छ। उद्धार र खोजीका लागि स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना परिचालन गरिएको छ भने विभिन्न सामाजिक सङ्घसंस्थाहरूले पनि यस कार्यमा सहयोग गरिरहेका छन्।

बाढीमा परेकाहरूको शव धेरै दिनसम्म रहँदा पहिचानको समस्या झन जटिल र चुनौतीपूर्ण बन्दै गएको छ । बाढी र पहिरोले पुर्‍याएको क्षतिसँगै आफ्ना प्रियजन गुमाएका र बेपत्ता भएका परिवारको यो आँसु र पर्खाइले भरतपुरको वातावरणलाई पूर्ण रूपमा स्तब्ध बनाएको छ । रासस

# लंगडी चोकमा बृहत् खुला रक्तदान



**मधेशदृष्टि**
**पर्सा।**
मानव जीवन बचाउन र रगतको अभाव न्यूनीकरण गर्ने उद्देश्यले धोबिनी गाउँपालिका–४ लंगडी चोकमा आयोजित बृहत् खुला रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

Human Love Charity Fund द्वारा आयोजित कार्यक्रममा ३ महिलासहित ८८ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा विभिन्न क्षेत्रका नागरिक, युवा, समाजसेवी तथा रक्तदाताको उत्साहजनक सहभागिता रहेको थियो।

रक्तदान गर्नेहरूमा महिलामा चित्रन्जना पटेल, हिना बेगम, रेन्जु पटेल, राममुर्ती साह कानु, निरज पटेल, लोकनाथा पटेल, रामान्नद ठाकुर, सुलतान मिया, रामबाबु पटेल, पसुराम पटेल, राजन गुप्ता, रोसन चौरसिया, उमेश साह कानु, अमन पटेल, प्रशान्त गुप्ता, अलियास मियालगायतकाले मानव सेवाको भावनासहित रक्तदान गरेका थिए।

सहभागीहरूले रक्तदानलाई जीवनदानको रूपमा व्याख्या गर्दै नियमित रक्तदान अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए।

अध्यक्ष डा.इम्रान अन्सारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिमा धोबिनी गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहान र अतिथिमा वडा अध्यक्ष अबास मिया, मनाउर अहमद, कार्यपालिका सदस्य दिनेश कलवार थिए।

नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति बृज किशोर पटेलले रक्तदानले बिरामीहरूको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने बताउँदै स्वस्थ व्यक्तिले नियमित रूपमा रक्तदान गर्नुपर्ने धारणा व्यक्त गरे

कार्यक्रममा रिजवान अन्सारी, बिकाश साह, अजय पटेल, मुकेश पटेल, रेयाज हुसेन, राजन कुमार बानिया, मुक्तीजहुर अन्सारी, खालिद जेया, नवसाद अन्सारी, अन्सारी, साजित अन्सारी, समिम समानी, निरज पटेल, सतयम गुप्ता, राममुर्ती साह कानुलगायत सहभागी थिए।

# भोटेकोशी बाढी: ६६९ जनाको शव फेला

## २,३०१ जनाको उद्धार



**काठमाडौँ।**
भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीमा परी मृत्यु हुनेको संख्या ६ सय ६९ पुगेको छ।

नेपाल प्रहरीले बाढी प्रभावित क्षेत्रबाट शनिबार साँझ ४ बजेसम्म ६ सय ६९ जनाको शव फेला परेको जनाएको हो । प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ४९, नुवाकोटमा ४१, गोरखामा ५४, तनहुँमा ३१, चितवनमा २ सय ४८, नवलपरासी पूर्वमा १ सय ५८ र नवलपरासी पश्चिममा ७५ जनाको शव फेला परेको छ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक (डिआइजी) अविनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म दुई हजार ३ सय १ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये रसुवाका ६ सय ७६, नुवाकोटका एक हजार ६ सय २२ र धादिङका तीन जना रहेका छन्।

विभिन्न स्थानबाट उद्धार गरिएका गम्भीर घाइतलाई थप उपचारका लागि काठमाडौँ ल्याइएको छ । प्रहरीका अनुसार काठमाडौँका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म १ सय ४० जना रहेका छन्।

रसुवा बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका केही कर्मचारीसमेत सम्पर्कविहीन भएका छन् । प्रहरीका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७ र सशस्त्र प्रहरी बल, नेपालका १३ जना कर्मचारी अझै सम्पर्कविहीन छन्।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको प्रहरीले जनाएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी राखेका छन्।

बाढीका कारण प्रभावित क्षेत्रमा मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलनसँगै बेपत्ताको खोजी र उद्धारलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ। रासस

# राम युवा कमिटीद्वारा रक्तदान

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित राम युवा कमिटीले आफ्नो ३६औँ स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ।




'मानव सेवा नै मनुष्यको सर्वोत्तम कार्य हो' भन्ने मूल नाराका साथ स्थापित कमिटीले शनिबार जनकपुरधामको जनकचौकमा 'रक्तदान जीवनदान' भन्ने भावनाका साथ रक्तदान कार्यक्रम आयोजना गरेको हो । प्राकृतिक विपत्तिको समयमा घाइते तथा उपचाररत बिरामीलाई आवश्यक पर्ने रगतको अभाव हुन नदिन कार्यक्रम आयोजना गरिएको कमिटीले जनाएको छ । कार्यक्रमका क्रममा राम युवा कमिटीका पूर्वअध्यक्ष प्रमोद चौधरीले रसुवा क्षेत्रमा आएको विनाशकारी बाढीमा परी घाइते भएकाहरूको उपचारमा सहयोग पुग्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको बताए । उनले विपद्का कारण ठूलो संख्यामा घाइते भएका व्यक्तिहरूलाई उपचारका क्रममा रगत आवश्यक पर्न सक्ने भएकाले मानवीय सेवाको भावनासहित रक्तदान कार्यक्रम सञ्चालन गरिएको उल्लेख गरे । साथै यो विपदको समयमा आफूहरुले वार्षिकोत्सवको अवसरमा आयोजना गर्ने भनिएको उत्सवका कार्यक्रमहरु रद्द गरेको जानकारी समेत दिए।

राम युवा कमिटीले स्थापना दिवसका अवसरमा हरेक वर्ष सामाजिक तथा मानवीय सेवासँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । रक्तदान कार्यक्रममा रामयुवा कमिटीका अध्यक्ष विजय साह, पूर्व अध्यक्षहरु रामबाबु साह, जितेन्द्र साह सहितको उपस्थिति रहेको थियो।

# बाढी आउन सक्ने भन्दै सतर्क रह्न महोत्तरी प्रशासनको आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जल्ला प्रशासन कार्यालय महोत्तरीले रातु खोलामा बाढी आउने सम्भावना रहेको भन्दै सतर्क रह्न आग्रह गरेको छ । बाढीको सम्भावना देखिएको भन्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले नदी तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सतर्क रहन आग्रह गरेको हो।

प्रशासनले सूचना जारी गर्दै महोत्तरी गाउँपालिका क्षेत्रतर्फबाट रातु खोलामा बाढी आउने सम्भावना देखिएकाले नदी आसपास तथा तटीय क्षेत्रमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै सुरक्षा टोलीलाई समेत सतर्क अवस्थामा खटाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

प्रशासनले नदीमा पानीको बहाव बढ्न सक्ने सम्भावना रहेकाले नदी किनार तथा जोखिमयुक्त क्षेत्रमा अनावश्यक रूपमा नजान र सम्भावित जोखिमबाट जोगिन आवश्यक सावधानी अपनाउन सूचना जारी गर्दै अपिल गरेको छ।

बाढीको अवस्था र नदीको बहावलाई सुरक्षा निकाय तथा सम्बन्धित निकायले निगरानी गरिरहेको जनाइएको छ।

# गाईको गोठमा आगलागी, ९ लाखको क्षति

**राकेश यादव**
**रौतहट।**
चन्द्रपुर–२ जुडीबेलामा आगलागी हुँदा लाखौं मूल्य बराबरको क्षति भएको छ।

स्थानीय सन्तोषी बस्नेतले सञ्चालन गरेको आचार्य एकीकृत कृषि फर्म गाई गोठमा अचानक आगलागी हुँदा ९ लाख मूल्य बराबरको नोक्सानी भएको हो।

अस्थायी प्रहरी पोष्ट जुडिबेला रौतहटबाट प्रसनि बरुण कुमार रायको कमाण्डमा टोली खटी गई प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

गोठमा भएको आगलागीबाट चौपाया क्षति भएको र मानवीय कुनै क्षति नभएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार गोठमा भएको गाई–४ वटा, बाच्छा–२ वटा, भैँसी–१ वटाको जलेर मृत्यु भइसकेको तथा गाई २ र खसी १ वटा जलेको अवस्थामा उद्धार गरिएको छ।

# रसुवा विपद्मा मधेशका १ सय ७४ ...

सञ्जय साह सोनार, सुरज माझी, सागर मण्डल, सुनिल यादव, रिजवान अन्सारी, आरभ चौधरी र अशोक चौधरियालगायतको नाम पनि सूचीमा समावेश छ।

त्यस्तै, बाराका श्रीनिवास महतो धानुक, सुमित कुमार मण्डल र निरज कुमार कुशवाहालगायत सम्पर्कविहीन छन् । रौतहटबाट विनोद भगत, अभिषेक गुप्ता, गौरव साह, शेख कामिजल, समीर चन्द्रौरी र शंकरदेवीसहितका व्यक्तिको नाम प्रहरी विवरणमा उल्लेख छ।

सप्तरीका सुरज चौधरी, रञ्जनदेवी चौधरी, मनीष कुमार मण्डल, धनञ्जय मण्डल, अजय कुमार यादव, हरिनारायण यादव, साजन चौधरी र बालेन्द्र चौधरीलगायत पनि सम्पर्कविहीनको सूचीमा रहेका छन्।

प्रहरीले सम्पर्कविहीन व्यक्तिको खोजी तथा उनीहरूको अवस्थाबारे यथार्थ जानकारी संकलन गर्ने कार्यलाई निरन्तरता दिएको जनाएको छ । बाढी प्रभावित क्षेत्रमा सञ्चार र यातायात सेवा अवरुद्ध भएका कारण कतिपय व्यक्ति तत्काल परिवारजनको सम्पर्कमा आउन नसकेको हुन सक्ने प्रहरीको अनुमान छ।प्रारम्भिक सूचना र परिवारजनबाट प्राप्त विवरणका आधारमा तयार पारिएको सूची भएकाले सम्पर्कविहीनको संख्या थपघट हुन सक्ने प्रहरीले जनाएको छ। नयाँ सूचना प्राप्त हुने क्रमसँगै व्यक्तिहरूको अवस्था र संख्या नियमित रूपमा अद्यावधिक गर्दै आएको मधेश प्रदेश प्रहरीले जनाएको छ।

# देश जोगाउन कम्युनिष्ट शक्तिबीच एकता आवश्यकः नेपाल




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले कम्युनिष्ट पार्टीहरूबीचको एकताले मात्र देशलाई जोगाउन सक्ने बताएका छन्।
पुष्पलाल मित्रता केन्द्रको आयोजनामा ४८औँ पुष्पलाल स्मृति दिवसका अवसरमा आयोजित 'वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी दलहरूको भूमिका' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै नेपालले देशको रक्षा र राजनीतिक स्थायित्वका लागि कम्युनिष्ट शक्तिहरूबीच एकता आवश्यक रहेको स्पष्ट पारे । उनले नेपाली समाज र राष्ट्रको रूपान्तरणका लागि नेपाली विशेषताको समाजवादको बाटोमा अघि बढ्नुपर्नेमा जोड दिए । चीनले अवलम्बन गरेको विकास नीतिबाट नेपालले पनि आवश्यक पाठ सिकेर अघि बढ्नुपर्ने उनको भनाइ थियो।
नेपालले विश्वमा पुँजीवाद र समाजवाद दुई प्रमुख विचारधारा रहेको उल्लेख गर्दै पुँजीवादले समाज र राष्ट्रलाई विखण्डनतर्फ धकेल्ने दाबी गरे। नेपालमा गरिबी, बेरोजगारी र सामाजिक असमानताको अन्त्यका लागि समाजवाद आवश्यक रहेको उनको भनाइ थियो।
जनतालाई गरिबी र बेरोजगारीबाट मुक्त गर्दै सामाजिक न्याय सुनिश्चित गर्न समाजवाद नै उपयुक्त व्यवस्था रहेको उनले बताए।
कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका नेता महेन्द्र राय यादवले नेपालमा साम्राज्यवादी शक्तिहरूले कम्युनिष्ट आन्दोलनलाई कमजोर र समाप्त पार्ने षड्यन्त्र गरिरहेको आरोप लगाए।
उनले गत वर्ष भदौ २३ र २४ गतेका घटनापछि देशमा साम्राज्यवादी शक्तिको प्रभाव बढेको दाबी गर्दै कम्युनिष्ट पार्टीहरूलाई कमजोर पार्ने प्रयास भइरहेको बताए । यस्तो परिस्थितिमा वामपन्थी तथा कम्युनिष्ट शक्तिहरूबीचको एकता अपरिहार्य रहेको उनको भनाइ थियो।
पुष्पलाल मित्रता केन्द्रका उपाध्यक्ष यदुवंश झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रामचन्द्र झा, रत्नेश्वरलाल गोइत, एमालेका मधेश इन्चार्ज लीलानाथ श्रेष्ठ तथा वाम बुद्धिजीवी रोशन जनकपुरीलगायतको उपस्थिति रहेको थियो।

# भोटेकोशी विपद्प्रति महोत्तरीको शोक

**मधेशदृष्टि**
**महोत्तरी।**
रसुवाको भोटेकोशी क्षेत्रमा आएको भीषण बाढी तथा प्राकृतिक विपद्मा ज्यान गुमाएकाहरूप्रति महोत्तरीमा शोक व्यक्त गरिएको छ। शनिबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रभावित नागरिकको उद्धार र राहतका लागि आवश्यक सहयोग गर्ने निर्णय गरेको हो।
बैठकले शोक प्रस्ताव पारित गर्दै विपद्मा ज्यान गुमाएकाका परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ । सम्पर्कविहीन नागरिकहरू सकुशल फेला परून् भन्ने कामना गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको समेत कामना गरिएको छ।
विपद्पीडितका लागि महोत्तरीबाट संकलन गरिने राहत सामग्रीलाई व्यवस्थित बनाउन एकद्वार प्रणाली अपनाइने भएको छ । खाद्यान्न, लत्ताकपडा, औषधिलगायत आवश्यक सामग्री संकलनका लागि उद्योग



वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी र स्थानीय तहसँग समन्वय गरी जिल्लाका विभिन्न प्रमुख स्थानमा राहत संकलन केन्द्र स्थापना गर्ने निर्णय गरिएको छ। संकलित सामग्रीलाई सुरक्षित रूपमा प्रभावित क्षेत्रसम्म पु¥याउन ढुवानी र सुरक्षा व्यवस्थापन मिलाइनेछ । राहत सामग्रीको अभिलेख व्यवस्थित राख्दै त्यसको विवरण सार्वजनिक गर्ने गरी पारदर्शितामा विशेष ध्यान दिइने बैठकले जनाएको छ।
बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि नगद सहयोग संकलन गर्ने निर्णयसमेत गरेको छ । जिल्लाका कर्मचारी, जनप्रतिनिधि, व्यवसायी तथा सर्वसाधारणलाई स्वेच्छिक आर्थिक सहयोग गर्न आह्वान गरिनेछ। संकलित रकम जिल्ला विपद् व्यवस्थापन कोष वा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको आधिकारिक खातामा जम्मा गर्ने व्यवस्था मिलाइने जनाइएको छ । आर्थिक सहयोगको विवरण पारदर्शी बनाउन दैनिक वा साप्ताहिक रूपमा जिल्ला प्रशासन कार्यालयको वेबसाइटमार्फत आय–व्यय विवरण सार्वजनिक गर्ने निर्णय पनि भएको छ ।
भोटेकोशीमा भएको विपद्बाट पाठ सिक्दै महोत्तरीमा सम्भावित प्राकृतिक विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजनालाई थप प्रभावकारी बनाउने विषयमा पनि बैठकमा छलफल भएको थियो।
यसैक्रममा रसुवागढी नाका, त्रिशूली करिडोरका जलविद्युत् आयोजना तथा ट्रेकिङ क्षेत्रमा रोजगारी वा अन्य कामका लागि पुगेका महोत्तरीका नागरिकमध्ये कोही बेपत्ता वा सम्पर्कविहीन छन् कि छैनन् भन्नेबारे विवरण संकलन गर्ने निर्णय गरिएको छ । यसका लागि सम्बन्धित निकायसँग समन्वय गरी नागरिकको पहिचान र अवस्थाबारे यथार्थ विवरण जुटाइनेछ । विपद्को कठिन घडीमा प्रभावित नागरिकको उद्धार, राहत तथा पुनस्थापनाका लागि महोत्तरी जिल्लाको तर्फबाट आवश्यक सहयोग र ऐक्यबद्धता निरन्तर रहने प्रतिबद्धता बैठकले व्यक्त गरेको छ।

# मधेश प्रदेशका हराइरहेकामध्ये २२ जना सम्पर्कमा

**जनकपुरधाम।**
रसुवाको भोटेकोशी नदी आएको बाढीपछि हराइरहेका मधेश प्रदेशका १ सय ७१ जनामध्ये शनिबारसम्म २२ जना परिवारको सम्पर्कमा आएका छन् । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर प्रदेशका १७१ जना हराइरहेकामा शनिबारसम्म टेलिफोनमार्फत २२ जना सम्पर्कमा आएका छन्।
हालसम्म सप्तरीका ४५, पर्साका ३९, रौतहटका १७, बाराका २३, सर्लाहीका १५, महोत्तरीका १७, धनुषाका पाँच र सिरहाका १० जना सम्पर्कविहीन रहेका विवरण प्राप्त भएको वरिष्ठ प्रहरी उपरीक्षक ढकालले जानकारी दिए।
सम्पर्कविहीनमध्ये शनिबार बिहानसम्ममा पर्साको पोखरिया नगरपालिका–५ का ओजिर अन्सारी, वीरगंज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, बाराको कलैया उपमहानगरपालिका–२२ का सत्यम राम, जितपुर सिमरा उपमहानगरपालिका–१२ का रोजितकुमार साह, स्वर्ण गाउँपालिका–३ का रुपेश गुप्ता सम्पर्कमा आएका प्रवक्ता ढकालले बताए।
त्यस्तै, रौतहटको गढीमाई नगरपालिका–७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका–४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए।
सर्लाहीको लालबन्दी नगरपालिका–१ का बृजकिशोर दास, सुनिता दास, श्यामलाल मोक्तान, बागमती नगरपालिका–६ का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका–१ का राकेशकुमार यादव, इञ्जिनियर विपीनकुमार मण्डल र धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव र सुरेश पजियार सम्पर्कमा आएका छन् । उनका अनुसार सिरहाको गोलबजार नगरपालिका–१० का टार्जन बलम्पाकी पनि टेलिफोनमार्फत सम्पर्कमा आएका छन्।
मधेश प्रदेशका जिल्लाबाट थुप्रै नागरिक सम्पर्कविहीन भएका सूचना आउने थालेपछि प्रहरी कार्यालयहरूले सम्पर्कविहीन भएकाहरूको विवरण सङ्कलन गर्न थालेको छ।
बाढी तथा पहिरोपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि विवरण सङ्कलन गर्न थालिएको उनले बताए।
मधेशका विभिन्न जिल्लाबाट रोजगारी, व्यवसाय तथा अन्य कामका लागि रसुवा पुगेका नागरिकसमेत विपद्को चपेटामा परेपछि परिवारजन चिन्तित बनेका छन्।
सम्बन्धित परिवार तथा आफन्तले सम्पर्कविहीन व्यक्तिबारे कुनै जानकारी प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन, प्रहरी तथा स्थानीय प्रशासनलाई जानकारी गराउन वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए।

# धनुषाका इन्जिनियर अजय सिंह अझै सम्पर्कविहीन



रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि दोसान हाइड्रोपावरको २१६ मेगावाट परियोजनामा कार्यरत धनुषाका इन्जिनियर अजय प्रसाद सिंह अझै सम्पर्कविहीन छन्।
धनुषाको कमलामाई नगरपालिका निवासी ३० वर्षीय सिंह उक्त परियोजनामा गुणस्तर नियन्त्रण इन्जिनियर (क्वालिटी कन्ट्रोल इन्जिनियर) का रूपमा कार्यरत थिए।
परिवारजनका अनुसार बाढी आएको समयदेखि नै परियोजनाको क्याम्प आसपासबाट सिंह सम्पर्कविहीन भएका हुन्। विपद् आएको दिनयता परिवारसँग उनको कुनै पनि सम्पर्क हुन नसकेको बताइएको छ।
मोबाइल फोनमा समेत सम्पर्क स्थापित हुन नसकेको र उनको अवस्था तथा अवस्थिति सम्बन्धमा कुनै विश्वसनीय जानकारी प्राप्त नभएको परिवारको भनाइ छ।
परिवारजनले रसुवा क्षेत्रमा खोज तथा उद्धारमा खटिएका सरकारी तथा गैरसरकारी मानवीय सहायता टोलीलाई सिंहको खोजीमा सहयोग गरिदिन अपिल गरेका छन् । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा सम्बन्धित अन्य निकायसँग पनि परिवारले खोजी कार्यलाई प्राथमिकता दिन आग्रह गरेको छ।
भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीका कारण विभिन्न जलविद्युत् आयोजना तथा आसपासका बस्ती र संरचनामा ठूलो क्षति पुगेको छ। सोही विपद्पछि सिंहसहित विभिन्न स्थानमा रहेका धेरै व्यक्ति अझै सम्पर्कविहीन रहेको बताइएको छ।
कठिन भौगोलिक अवस्था, क्षतिग्रस्त सडक तथा सञ्चार सेवामा आएको अवरोधका कारण सम्पर्कविहीन व्यक्तिहरूको खोजी तथा अवस्थाबारे यकिन गर्न चुनौती भइरहेको छ।
परिवारले इन्जिनियर अजय प्रसाद सिंहको अवस्थाबारे कुनै जानकारी प्राप्त भए तत्काल परिवारजन वा सम्बन्धित सरोकारवाला निकायलाई जानकारी गराइदिन सबैसँग आग्रह गरेको छ।

# मिथिलाको सांस्कृतिक पर्व झुलनोत्सव

महोत्तरी । मधेशको मिथिला क्षेत्रमा मनाइने सांस्कृतिक पर्व झुलनोत्सव सम्पन्न भएको छ। साउन शुक्लपक्षको तृतीयाका दिन सुरु हुने झुला पर्व साउन पूर्णिमाको मध्यरातमा सम्पन्न भएको हो।
साउन शुक्लपक्षका पछिल्ला १३ दिन मिथिला क्षेत्रमा मनाइने झुला पर्वमा परम्पराअनुसार विष्णु–लक्ष्मीका प्रतिमा झुलाइन्छ । पूर्णिमाको मध्यरातपछि झुला हल्लाउने डोरी छिनाएर पर्व सम्पन्न गर्ने परम्परा छ।
भगवान् विष्णु र भगवती लक्ष्मीको आराधनामा आधारित यो पर्व मिथिलाका मठमन्दिरमा सामूहिकरूपमा मनाइन्छ । विष्णु–लक्ष्मीका अवतार मानिने राम–सीता तथा कृष्ण–राधाका प्रतिमालाई विशेष झुला (कोक्रा अर्थात् एक प्रकारको कलात्मक पिङ) मा राखेर हल्लाउनु यस पर्वको मुख्य विधि हो । श्रद्धालुले झुलाको डोरी समाएर झुला गीत गाउँदै देवदेवीका प्रतिमा हल्लाउने गर्छन्।
साउन पूर्णिमाको मध्यरात कटेपछि देवदेवीलाई झुलाइने झुलाको डोरी छिनाएर १३ दिने पर्व सम्पन्न गरिएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा. रवीन्द्रदास वैष्णवले जानकारी दिए। उनका अनुसार यो पर्व वैष्णव परम्पराका मठमन्दिरमा मनाइने मिथिलाको पुरानो परम्परा हो।
मिथिलामा जनकपुरधामस्थित



जानकी मन्दिर तथा महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ र लक्ष्मीनारायण मन्दिर परिसरमा रहेको झुलाघरको झुला उत्सव प्रसिद्ध छ। यस अवसरमा पायक पर्ने मुख्य मठ तथा मन्दिरमा वरपरका अन्य मठमन्दिरबाट विष्णु–लक्ष्मीका प्रतिमा ल्याएर सामूहिकरूपमा उत्सव मनाउने चलन छ । महोत्तरीमा विभिन्न स्थानका मन्दिरमा रहेका राम–सीता तथा राधा–कृष्णका प्रतिमा मुख्य मठ तथा मन्दिरमा ल्याएर पर्व मनाइन्छ।
महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ र लक्ष्मीनारायण मन्दिरको झुलाघरमा विशेषरूपमा झुलनोत्सव मनाउने परम्परा रहेको छ। झुलनोत्सवकै लागि निर्माण गरिएको झुलाघरमा लक्ष्मीनारायण मठ तथा मन्दिरबाट विष्णु–लक्ष्मीका प्रतिमा डोलीमा बोकेर ल्याई झुलामा झुलाउने गरिन्छ । मटिहानीमा नेपाल र भारतका गरी दर्जनौँ मठमन्दिरका प्रतिमा झुलाका लागि ल्याइएको महन्थ वैष्णवले बताए । पर्वभरि साधुसन्त तथा श्रद्धालु केन्द्रमा जम्मा भएर उत्सवमा सहभागी हुने गर्छन्।
मल्हार र कजरी गीतका लयमा गाउँदै, नाच्दै मनाइने झुलनोत्सव मिथिलाको विशिष्ट लोकपरम्परा भएको मिथिला लोकपरम्पराका जानकार बताउँछन्। मिथिलामा यो उत्सवको परम्परा विक्रम संवत् १७८७ तिर सन्त सुरकिशोर दासले सुरु गरेको विश्वास गरिँदै आएको जनकपुरस्थित जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताए।
साउन शुक्लपक्ष मिथिलामा मुख्य बाली धान रोपाइँ सकिएपछिको समय हो। यस समयमा किसानले मन्दमन्द पानी परिरहोस् भन्ने कामना गर्छन्। धानको रोपो हरियो भएर लहलहाएको दृश्यले किसानलाई आफ्नो मेहनतप्रति खुसी बनाउने भएकाले पनि यो समय उत्सव र उल्लासको समय मानिन्छ । यही समयमा आफ्ना इष्टदेव राम, कृष्ण, सीता र राधासँग खेलेको अनुभूति सँगाल्न मैथिल समुदायले झुला पर्व मनाउने गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण लाल कर्णले बताए।
मिथिलामा यो पर्व रामको जन्मभूमि अवध (अयोध्या) र कृष्णको बाललीलास्थल मानिने वृन्दावनको परम्पराबाट प्रभावित भएर भित्रिएको विश्वास गरिन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधाम सीताको माइती भएकाले ज्वाइँलाई प्रसन्न राख्ने मैथिल परम्पराअनुसार साउन शुक्लपक्षका पछिल्ला १३ दिन श्रीराम र सीतालाई झुलाउने परम्परा चलेको प्राचार्य कर्णले बताए।
जनकपुरमा राम–सीताको विवाह हुँदा राजा जनकले दाइजोमा दिएको हिरा, रत्न तथा मणिमाणिक्यको थुप्रो लागेर पहाडजस्तै बनेको स्थानलाई अहिले मणिपर्वत भनिने गरेको जनविश्वास छ । जनकपुरस्थित जानकी मन्दिरबाट करिब पाँच किलोमिटर उत्तरपश्चिममा रहेको मणिपर्वतमा साउन शुक्ल तृतीयाका दिन पूजा गरेर झुला पर्व सुरु गर्ने मिथिला परम्परा रहेको छ।
झुला पर्वमा जनकपुरधामस्थित जानकी मन्दिर र महोत्तरीको मटिहानीस्थित झुलाघरमा विशेष उत्सव आयोजना गरिन्छ। पर्वभरि साधुसन्त, श्रद्धालु तथा स्थानीयवासीको सहभागिताले मठमन्दिर क्षेत्रमा उल्लास छाउने गर्छ। यो पर्व मिथिलाको मौलिक लोकपरम्परा र सांस्कृतिक पहिचानसँग जोडिएको विशिष्ट पर्वका रूपमा रहँदै आएको जलेश्वर–५ पतैली निवासी तथा याज्ञवल्क्य विद्यापिठ, मटिहानीका अवकाशप्राप्त नेपाली साहित्यका सहप्राध्यापक ध्रुव रायले बताए। रासस

# परराष्ट्रमन्त्रीले गरे चिनियाँ विदेशमन्त्रीसँग फोनवार्ता

**काठमाडौँ।**
परराष्ट्रमन्त्री शिशिर खनाल र चीनका विदेशमन्त्री वाङ यीबीच शनिबार टेलिफोन वार्ता भएको छ।
वार्ताका क्रममा दुवै नेताले रसुवा–जिलोङ बन्दरगाह क्षेत्रको विनाशकारी बाढीबाट दुवै देशमा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरे।
दुवै नेताबीच बाढी प्रभावित क्षेत्रमा जारी खोज, उद्धार तथा राहत कार्यका विषयमा छलफल भयो । साथै, चीनमा बाढीका कारण अलपत्र परेका नेपाली नागरिकको स्वदेश फिर्ती तथा उद्धारका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।
परराष्ट्रमन्त्री खनालले विपद्को यस कठिन घडीमा चीन सरकारले उपलब्ध गराएको आकस्मिक मानवीय राहत तथा सहयोगप्रति चिनियाँ विदेशमन्त्री वाङमार्फत चीन सरकारलाई धन्यवाद व्यक्त गरे।
वार्तामा नेपाल र चीनबीच वास्तविक समयका जल तथा मौसमसम्बन्धी तथ्याङ्क आदानप्रदानलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो। दुवै पक्षले भविष्यमा यस्ता विपद्का जोखिम न्यूनीकरण गर्न प्रभावकारी पूर्वसूचना प्रणाली विकास तथा दुई देशबीचका विद्यमान संयन्त्रलाई थप सुदृढ गर्ने विषयमा सहकार्य बढाउनेमा जोड दिएका छन्।
नेपाल र चीनबीच विपद् व्यवस्थापन, सूचना आदानप्रदान तथा पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन निरन्तर समन्वय र सहकार्य गर्ने विषयमा दुवै पक्षबीच कुराकानी भएको थियो।

# चार दिनपछि टिमुरेमा सात वर्षीया बालिकाको जीवितै उद्धार

**रसुवा।**
भोटेकोशी नदीमा बाढी आएको चार दिनपछि गोसाइँकुण्ड गाउँपालिका–२ टिमुरेमा माटोमा पुरिएकी सात वर्षीया बालिकाको शनिबार दिउँसो जीवितै उद्धार भएको छ।
सशस्त्र प्रहरी बल नेपाल २० नम्बर गुल्म धुन्चेबाट खटिएको टोलीले हिलाम्मे अवस्थामा रहेकी बालिका शिरगङ्गा इचाई मगरको उद्धार गरेको हो । गम्भीर घाइते अवस्थामा भेटिएकी बालिकालाई हेलिकप्टरमार्फत रसुवा जिल्ला अस्पताल धुन्चे लगिएको उद्धारमा संलग्न प्रहरीले जनाएको छ।
धुन्चे अस्पतलाका वरिष्ठ सर्जन डा. सुनीलकुमार दासले बालिकाको अवस्था गम्भीर देखिएकाले थप उपचारका लागि शिक्षण अस्पताल महाराजगन्जमा 'रेफर' गरिएको जानकारी दिए।
घाइते बालिकाकी आमा अर्घाखाँची स्थायी घर भई हाल ग्लोबल आइएमई बैंकको टिमुरे शाखामा कार्यरत गीता इचाइ मगर र बुबा लोकबहादुर उचाइलाई सोही स्थानबाट उद्धार गरी नेपाली सेनाको हेलिकप्टरमार्फत थप उपचारका लागि यसअघि काठमाडौँ पठाइएको सशस्त्र प्रहरी निरीक्षक सोम गुरुङले जानकारी दिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन